# नेपालको जनसांख्यिक, सामाजिक, आर्थिक तथा वित्तीय स्थिति

## (प्रदेशगत प्रोफाइल)




नेपाल राष्ट्र बैंक
अनुसन्धान विभाग
जेठ २०७५

# नेपालको जनसांख्यिक, सामाजिक,
# आर्थिक तथा वित्तीय स्थिति
## (प्रदेशगत प्रोफाइल)

**नेपाल राष्ट्र बैंक**
**अनुसन्धान विभाग**
**www.nrb.org.np**

# प्राक्कथन

नेपालको संविधान, २०७२ जारी भई नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा रुपान्तरित भएको छ । संविधानतः राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय गरी तीन तहले सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित भई गर्ने व्यवस्था छ। यसैबीच तीनै तहको चुनाव सम्पन्न भई तदनुरुपका सरकार समेत बनिसकेका छन् । सबै तहका सरकारले मातहतका क्षेत्रभित्र दीगो आर्थिक तथा सामाजिक विकासका कार्यहरु अघि बढाउन आवश्यक नीतिहरु तर्जुमा गर्नु वाञ्छनीय छ ।

राज्य शक्तिको बाँडफाँडलाई सफलतापूर्वक कार्यान्वयन गर्न मातहत क्षेत्रको सामाजिक एवम् आर्थिक अवस्थाका बारेमा यकिन भई निर्णय लिनुपर्ने हुन्छ। यसका लागि प्रादेशिक तथा स्थानीय तहगत तथ्याङ्क एवम् सूचना संकलन तथा प्रशोधन कार्यलाई संस्थागत एवम् नियमित गर्नु आवश्यक छ । साथै, संघ तथा प्रदेश सरकारले स्थानीय तहलाई वित्त हस्तान्तरण गर्दा मूलतः प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता, स्रोत संकलन र परिचालन गर्ने क्षमता, मुलुकको विकास नीति एवम् आवश्यकता, क्षेत्रगत असमानता र गरिबी न्यूनीकरण लगायतका पक्षलाई आधारको रुपमा लिनुपर्ने संवैधानिक व्यवस्था रहेको छ ।

यी सबैका लागि प्रदेशगत तथ्याङ्क एवम् विवरणहरुको उपलब्धता अपरिहार्य छ। यस तथ्यलाई दृष्टिगत गरी सरकारी, अर्ध-सरकारी लगायत अन्य निकायहरुबाट प्राप्त तथ्याङ्क एवम् सूचनाका आधारमा यो प्रदेशगत प्रोफाइल (Profile) तयार गरिएको हो । यी तथ्याङ्क एवम् सूचनाले प्रदेशगत रुपमा दीगो एवम् समावेशी विकासको रणनीति तय गर्ने कार्यमा यथोचित दिशानिर्देश गर्ने अपेक्षा गरेको छु।

अन्त्यमा, यो प्रोफाइल तर्जुमाका लागि आवश्यक तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेषण कार्यमा संलग्न यस बैंकका सहायक निर्देशक श्री मेदनी प्रसाद पोखेललाई विशेष धन्यवाद दिन चाहन्छु । साथै, अन्तिम प्रतिवेदनलाई यो स्वरुपमा ल्याउन सहयोग पुऱ्याउनु हुने अनुसन्धान विभागका निर्देशकद्वय डा. गुणाकर भट्ट र डा. डिल्लीराम पोखेललाई समेत धन्यवाद दिन चाहन्छु ।

नरबहादुर थापा
कार्यकारी निर्देशक
अनुसन्धान विभाग

# विषय सूची


| विवरण | पृष्ठ |
|---|---|
| पृष्ठभूमि | १ |
| प्रशासनिक स्वरुप | १ |
| जनसांख्यिक स्थिति | २ |
| आर्थिक स्थिति | ३ |
| भौतिक पूर्वाधार | ७ |
| वित्तीय क्षेत्र | ९ |
| सामाजिक विकास | १२ |
| सरकारी राजस्व तथा खर्च | १५ |
| उपसंहार | १७ |
| सन्दर्भ सामाग्री | १८ |
| अनुसूचीहरु | १९ |

## पृष्ठभूमि

१. नेपालको संविधान २०७२ ले नेपाल राज्यको संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहमा हुने र यी तीन तहले सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तमा आधारित भई राज्य शक्तिको प्रयोग गर्ने व्यवस्था गरेको छ। संविधान अनुसार गरिनु पर्ने सबै तहको चुनाव सम्पन्न भई तदनुसारका सरकार बनेको विद्यमान अवस्थामा संघ, प्रदेश र स्थानीय तहमा सम्बन्धित सरकारले विकास निर्माण लगायतका कार्यहरु अगाडि बढाउन आवश्यक नीतिहरु तर्जुमा गर्नुपर्ने हुन्छ । नेपालमा पहिलो पटक प्रादेशिक सरकारको अभ्यास भइरहेको सन्दर्भमा प्रदेशगत रुपमा जनसांख्यिक, आर्थिक तथा सामाजिक तथ्याङ्कको उपलब्धता अपरिहार्य भएको छ।

२. यस परिप्रेक्ष्यमा सरकारी लगायत अन्य निकायहरुबाट प्रकाशित प्रतिवेदन, तथ्याङ्क एवम् विवरण संकलन तथा प्रशोधन गरी यो प्रोफाइल (Profile) तयार गरिएको छ। यी तथ्याङ्क एवम् सूचनाले प्रदेशगत दीगो एवम् समावेशी विकासको रणनीति तय गर्ने कार्यमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

३. प्रादेशिक तथ्याङ्क प्रशोधनको आधारको रुपमा जिल्लागत तथ्याङ्कलाई लिइएको छ । यस प्रयोजनका लागि प्रादेशिक रुपमा उपलब्ध तथ्याङ्क बाहेकको हकमा नवलपरासीलाई प्रदेश ४ र रुकुमलाई कर्णाली प्रदेशमा समावेश गरिएको छ । प्रादेशिक सूचकहरु गणना गर्न भारित औसतलाई प्रयोग गरिएको छ।

## प्रशासनिक स्वरुप

४. मुलुक संघीय संरचनामा प्रवेश गरेपश्चात् देशमा हाल तीन तहको सरकार क्रियाशील छ। सबैभन्दा तल्लो तहको रुपमा रहेको स्थानीय तहमा कुल ७५३ वटा स्थानीय सरकार रहेका छन् । जनसंख्या, भौतिक पूर्वाधारको अवस्था लगायतका परिसूचकको आधारमा स्थानीय तहलाई महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिका गरी जम्मा ४ भागमा विभाजन गरिएको छ । जसअनरुप ६ वटा महानगरपालिका, ११ उप-महानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका रहेका छन्। कुल ७५३ स्थानीय तह मध्ये प्रदेश १ मा सबैभन्दा बढी १३७ वटा र कर्णाली प्रदेशमा सबैभन्दा कम ७९ वटा तह रहेका छन्।

५. कुल ६ वटा महानगरपालिका मध्ये प्रदेश ३ मा ३ वटा र प्रदेश १, २ र ४ मा १/१ वटा रहेका छन्। त्यसैगरी, देशभर कुल ११ वटा उप-महानगरपालिका रहेकोमा प्रदेश ५ मा सबैभन्दा वढी ४ वटा रहेका छन् भने प्रदेश ४ र कर्णाली प्रदेशमा उप-महानगरपालिका

छैनन् । कर्णाली प्रदेशमा एउटा पनि महानगरपालिका/उप-महानगरपालिका नहुनुले उक्त प्रदेशको शहरी विकासको कमजोर अवस्था प्रष्ट हुन्छ ।

**तालिका १ : प्रदेशगत स्थानीय तहको संख्या**

| प्रदेश | अस्थायी मकाम | म.न.पा. | उ.म.न.पा. | न.पा. | गा.पा. | जम्मा स्थानीय तह |
|---|---|---|---|---|---|---|
| **प्रदेश १** | विराटनगर | १ | २ | ४६ | ८८ | १३७ |
| **प्रदेश २** | जनकपुरधाम | १ | ३ | ७३ | ५९ | १३६ |
| **प्रदेश ३** | हेटौंडा | ३ | १ | ४१ | ७४ | ११९ |
| **प्रदेश ४** | पोखरा | १ | | २६ | ५८ | ८५ |
| **प्रदेश ५** | बुटवल | | ४ | ३२ | ७३ | १०९ |
| **कर्णाली** | सुर्खेत | | | २५ | ५४ | ७९ |
| **प्रदेश ७** | कैलाली | | १ | ३३ | ५४ | ८८ |
| **जम्मा** | | ६ | ११ | २७६ | ४६० | ७५३ |

स्रोत : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।

## जनसांख्यिक स्थिति

६. २०६८ सालको जनगणना अनुसार देशको कुल जनसंख्या २ करोड ६४ लाख रहेको छ । उक्त जनसंख्यालाई प्रदेशगत रुपमा विभाजन गर्दा प्रदेश ३ मा सबैभन्दा बढी २०.९ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ६.१ प्रतिशत मानिस बसोवास गर्छन् ।

७. प्रदेश २ वाहेक अन्य प्रदेशको लैंगिक अनुपात १०० भन्दा कम रहेको छ । यस्तो अनुपात प्रदेश ४ मा सबैभन्दा कम ८४.३ प्रतिशत रहेको छ । जनघनत्वको हिसाबले हेर्दा सबैभन्दा बढी जनघनत्व प्रदेश २ मा ५५९ जना प्रति वर्ग कि.मी. रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा ५१ जना प्रति वर्ग कि.मी. रहेको छ ।

**तालिका २ : जनसांख्यिक स्थिति**

| प्रदेश | कुल जनसंख्या | घरपरिवार संख्या | क्षेत्रफल (वर्ग कि.मी)) | जनघनत्व (प्रति वर्ग कि.मी) | लैंगिक अनुपात (पुरुष/महिला) | क्षेत्रफल प्रतिशत | जनसंख्या प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| **प्रदेश १** | ४,५३४,९४३ | ९९१,७५० | २५,९०५ | १७५ | ९१.५ | १७.६ | १७.१ |
| **प्रदेश २** | ५,४०४,१४५ | ९३२,०८७ | ९,६६१ | ५५९ | १०१.२ | ६.६ | २०.४ |
| **प्रदेश ३** | ५,५२९,४५२ | १,२६९,१४४ | २०,३०० | २७२ | ९८.८ | १३.८ | २०.९ |
| **प्रदेश ४** | २,७३५,६६१ | ६३९,५२७ | २२,५८५ | १२१ | ८४.३ | १५.३ | १०.३ |
| **प्रदेश ५** | ४,११४,१८४ | ८११,७१० | १७,३१८ | २३८ | ९०.५ | ११.८ | १५.५ |
| **कर्णाली** | १,६२३,६०२ | ३०९,३७६ | ३१,८७३ | ५१ | ९५.५ | २१.७ | ६.१ |
| **प्रदेश ७** | २,५५२,५१७ | ४६९,७०३ | १९,५३९ | १३१ | ९१.३ | १३.३ | ९.६ |
| **जम्मा** | **२६,४९४,५०४** | **५,४२३,३०१** | **१४७,१८१** | **१८०** | **९४.२** | **१००** | **१००** |

स्रोत : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र पपुलेशन मोनोग्राफ ।

८. क्षेत्रफलको हिसाबले कर्णाली प्रदेश सबैभन्दा ठूलो (२१.७ प्रतिशत) छ । यो प्रदेशको क्षेत्रफल प्रदेश २ को भन्दा ३ गुणा बढी रहेको छ ।

## आर्थिक स्थिति

### क्षेत्रगत उत्पादन स्थिति

९. देशको कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत अंशको अन्तर ठूलो रहेको छ। यसबाट प्रदेशगत अर्थतन्त्रको आकारको भिन्नता देखिन्छ । यस्तो अंश ३१.९ प्रतिशतदेखि ४.१ प्रतिशतको बीचमा छ। प्रदेश ३ को आर्थिक हैसियत अन्य प्रदेश भन्दा सबल रहेको छ। यस प्रदेशले कुल गार्हस्थ्य उत्पादनमा ३१.९ प्रतिशत हिस्सा ओगटेको देखिन्छ । कुल गार्हस्थ्य उत्पादनमा दोस्रो ठूलो योगदान गर्नेमा प्रदेश १, तेस्रोमा प्रदेश २, चौथोमा प्रदेश ५ र पाँचौमा प्रदेश ४ रहेका छन्। त्यसैगरी, कुल गार्हस्थ्य उत्पादनमा प्रदेश ७ ले ६.३ प्रतिशत र कर्णाली प्रदेशले सबैभन्दा कम अर्थात् ४.१ प्रतिशत हिस्सा ओगटेको छ।

**तालिका ३ : कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत अंश र प्रतिव्यक्ति आय**

| प्रदेश | कुल गार्हस्थ्य उत्पादन (रु.दश लाखमा) | कुल गार्हस्थ्य उत्पादन (प्रदेशगत अंश) | प्रति व्यक्ति आय (यू एस डलरमा) |
|---|---|---|---|
| प्रदेश १ | ५२५०९४ | १७.५ | १०२४ |
| प्रदेश २ | ४८८२०९ | १६.२ | ७९९ |
| प्रदेश ३ | ९५९३३१ | ३१.९ | १५३४ |
| प्रदेश ४ | ३१५७१६ | १०.५ | १०२१ |
| प्रदेश ५ | ४०४०६३ | १३.४ | ८६८ |
| कर्णाली | १२४३१७ | ४.१ | ६७७ |
| प्रदेश ७ | १९०५१५ | ६.३ | ६६० |
| कुल | ३,००७,२४६ | १००.० | १००४ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग र मानव विकास प्रतिवेदन, २०१४ ।

** मानव विकास प्रतिवेदन, २०१४ को आधारमा आर्थिक वर्ष २०७४/७५ को प्रदेशगत कुल गार्हस्थ्य उत्पादन र प्रति व्यक्ति आय गणना गरिएको ।

१०. कृषि, उद्योग र सेवा क्षेत्रहरुमा समेत प्रदेशगत योगदानको अन्तर व्यापक रहेको देखिन्छ । कृषि क्षेत्रमा प्रदेश १ सबैभन्दा बलियो छ । समग्र कृषि क्षेत्रमा उक्त प्रदेशको अंश २१.५ प्रतिशत छ भने कर्णाली प्रदेशको अंश सबैभन्दा न्यून ६.० प्रतिशत छ । उद्योग क्षेत्रमा प्रदेश ३ सबैभन्दा माथि रहेको छ। उद्योग क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा उक्त प्रदेशको अंश ३१ प्रतिशत छ । उद्योग क्षेत्रमा कर्णाली प्रदेश र प्रदेश ७ अत्यन्त कमजोर देखिएका

छन् । उद्योग क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा प्रदेश ७ को अंश ३.९ प्रतिशत र कर्णाली प्रदेशको अंश ३.३ प्रतिशत रहेको छ ।

**तालिका ४ : क्षेत्रगत (कृषि, उद्योग र सेवा) उत्पादनमा प्रदेशगत अंश**

| प्रदेश | कृषि क्षेत्र | उद्योग क्षेत्र | सेवा क्षेत्र | कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) |
|---|---|---|---|---|
| प्रदेश १ | २१.५ | १६.८ | १३.६ | १७.५ |
| प्रदेश २ | १८.० | २४.० | १२.४ | १६.२ |
| प्रदेश ३ | १६.० | ३१.० | ४४.५ | ३१.९ |
| प्रदेश ४ | ११.८ | १०.६ | ९.४ | १०.५ |
| प्रदेश ५ | १६.९ | १०.४ | ११.७ | १३.४ |
| कर्णाली | ६.० | ३.३ | ३.० | ४.१ |
| प्रदेश ७ | ८.९ | ३.९ | ५.१ | ६.३ |
| कुल | १०० | १०० | १०० | १०० |

स्रोत : मानव विकास प्रतिवेदन, २०१४ ।

११. सेवा क्षेत्रमा प्रदेशगत अंशको अन्तर अझ ठूलो रहेको छ । समग्र सेवा क्षेत्रको उत्पादनमा प्रदेश ३ को अंश ४४.५ प्रतिशत छ भने कर्णाली प्रदेशको अंश ३.० प्रतिशत मात्र छ । समग्रमा, कृषि, उद्योग र सेवा क्षेत्रमा कर्णाली प्रदेशको हिस्सा सबैभन्दा न्यून रहेको देखिन्छ (विस्तृत विवरण - अनुसूची ४) ।

## आर्थिक रूपले सक्रिय जनसंख्या

१२. मानव विकास प्रतिवेदन, २०१४ का अनुसार नेपालमा ३९.९ प्रतिशत जनसंख्या आर्थिक रुपले सक्रिय रहेको देखिन्छ । प्रदेश २ वाहेक अन्य प्रदेशमा आर्थिक रुपले सक्रिय जनसंख्या राष्ट्रिय औसत भन्दा बढी छ भने प्रदेश २ मा यस्तो संख्या न्यून अर्थात् ३१.० प्रतिशत रहेको छ ।

तालिका ५ : श्रमिकको उत्पादकत्व तथा रोजगारी

| प्रदेश | आर्थिक रुपले सक्रिय जनसंख्या | आर्थिक रुपले सक्रिय जनसंख्या (प्रतिशत) | श्रमिकको उत्पादकत्व (रु मा) | उत्पादकत्व (राष्ट्रिय तुलनामा) | उत्पादकत्व (काठमाडौंको तुलनामा) | वैदेशिक रोजगारीमा गएको संख्या (२००८-२०१५) |
|---|---|---|---|---|---|---|
| प्रदेश १ | १,९४९,१६४ | ४३.० | ११३,५९२ | ९६.२ | ३५.५ | ६१४,७२४ |
| प्रदेश २ | १,६७३,१७७ | ३१.० | १२२,२३३ | १०३.५ | ३८.२ | ६०८,०६४ |
| प्रदेश ३ | २,३४८,४५३ | ४२.५ | १८२,२२३ | १५४.३ | ५६.९ | ४२०,१९३ |
| प्रदेश ४ | १,२०१,३२० | ४३.९ | ११२,१३४ | ९४.९ | ३५.० | ३५९,११३ |
| प्रदेश ५ | १,६६८,३८३ | ४०.६ | १०३,२१७ | ८७.४ | ३२.२ | ३५२,९१६ |
| कर्णाली | ६७१,६९२ | ४१.४ | ७६,८१० | ६५.० | २४.० | १०१,६५६ |
| प्रदेश ७ | १,०५८,५१९ | ४१.५ | ७६,२४७ | ६४.६ | २३.८ | ८६,९६६ |
| **जम्मा** | **१०,५७०,७०८** | **३९.९** | **११८,१०८** | **१००** | | **२,५४३,६३२** |

स्रोत : मानव विकास प्रतिवेदन २०१४ ।

१३. नेपालमा श्रमिकको वार्षिक औसत उत्पादकत्व रु. १ लाख १८ हजार १०८ रहेको छ । प्रदेश ३ को उत्पादकत्व राष्ट्रिय औसतको तुलनामा १५४.३ प्रतिशत रहेको छ भने प्रदेश ७ को उत्पादकत्व राष्ट्रिय औसतको तुलनामा सबैभन्दा न्यून ६४.६ प्रतिशत रहेको छ । अन्य प्रदेशहरु मध्ये प्रदेश २ बाहेकका प्रदेशको उत्पादकत्व राष्ट्रिय औसत भन्दा कम रहेको छ ।

१४. काठमाडौंको उत्पादकत्वलाई १०० मानी अन्य क्षेत्रका श्रमिकको उत्पादकत्वलाई तुलना गर्दा ती क्षेत्रका श्रमिकको उत्पादकत्व अत्यन्त न्यून रहेको देखिन्छ । काठमाडौंमा काम गर्ने १ श्रमिकले जति उत्पादन गर्दछ सो बरावरको वस्तु तथा सेवा उत्पादन गर्न कर्णाली प्रदेश र प्रदेश ७ मा ४ जना भन्दा बढी श्रमिक आवश्यक पर्ने देखिन्छ भने प्रदेश १, २, ४ र ५ मा ३ जना जति आवश्यक पर्ने देखिन्छ ।

## कृषि भूमिको प्रयोग र सिंचाईको स्थिति

१५. नेपाल राष्ट्र बैंकले आर्थिक गतिविधि अध्ययनमा समेटेको ५७ जिल्लाको कुल खेतीयोग्य क्षेत्रफल ३२ लाख १४ हजार हेक्टर रहेको छ । यसमध्ये ७९.३ प्रतिशत जमिनमा खेती गरिएको छ भने उक्त खेती गरिएको जमिनको केवल ४५.२ प्रतिशतमा मात्र सिंचाई सुविधा पुगेको छ ।

१६. प्रदेशगत रुपमा हेर्दा कर्णाली प्रदेशमा खेती गरिएको जमिनको केवल २२.९ प्रतिशत क्षेत्रफलमा मात्र सिंचाई सुविधा पुगेको छ भने प्रदेश २ मा सबैभन्दा बढी ६६.३ प्रतिशत खेती गरिएको जमिनमा सिंचाई सुविधा पुगेको छ । त्यसैगरी, कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा खेती गरिएको क्षेत्रफल प्रदेश २ मा सबैभन्दा बढी ८९.९ प्रतिशत र प्रदेश ३ मा सबैभन्दा कम ७३.० प्रतिशत रहेको छ ।

**तालिका ६ : कृषि भूमिको प्रयोग र सिंचाईको स्थिति****

| प्रदेश | कुल खेतीयोग्य क्षेत्रफल (हेक्टरमा) | कुल सिंचित क्षेत्रफल (हेक्टरमा) | कुल खेती गरिएको क्षेत्रफल (हेक्टरमा) | कुल खेती गरिएको क्षेत्रफलको तुलनामा सिँचित क्षेत्रफल (प्रतिशत) | कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा खेती गरिएको क्षेत्रफल (प्रतिशत) |
|---|---|---|---|---|---|
| **प्रदेश १** | ६२०,६०८ | २३२,७३१ | ५१४,६१८ | ४५.२ | ८२.९ |
| **प्रदेश २** | ५३५,२१८ | ३१८,८६९ | ४८१,२१४ | ६६.३ | ८९.९ |
| **प्रदेश ३** | ५२७,८७७ | १६५,७५६ | ३८५,३६७ | ४३.० | ७३.० |
| **प्रदेश ४** | ४७१,८०१ | १३९,६६७ | ३६२,३३५ | ३८.५ | ७६.८ |
| **प्रदेश ५** | ५९८,४१३ | १८०,५६७ | ४४७,६५३ | ४०.३ | ७४.८ |
| **कर्णाली** | १३६,२३२ | २३,५३० | १०२,८८४ | २२.९ | ७५.५ |
| **प्रदेश ७** | ३२४,०७४ | ९०,८८९ | २५४,६९२ | ३५.७ | ७८.६ |
| **जम्मा** | **३,२१४,२२३** | **१,१५२,००८** | **२,५४८,७६३** | **४५.२** | **७९.३** |

स्रोत : नेपाल राष्ट्र बैंक, आर्थिक गतिविधि अध्ययन प्रतिवेदन (असार २०७४)।

** नेपाल राष्ट्र बैंकले आर्थिक गतिविधि अध्ययनमा समेटेका ५७ जिल्ला मात्र समावेश गरिएको ।

## उद्योगको स्थिति

१७. National Census of Manufacturing Establishments-2011/12 का अनुसार संचालनमा रहेका कुल ४ हजार ७६ उद्योगले करिव १ लाख ९५ हजार मानिसहरुलाई रोजगारी प्रदान गरेका छन् । कुल उद्योगमध्ये सबैभन्दा बढी ९ सय ६५ वटा उद्योग प्रदेश ३ मा रहेका छन् भने कर्णाली प्रदेशमा सबैभन्दा कम ४४ वटा उद्योग संचालनमा छन् । उद्योगको संख्या अनुरुप कुल स्थिर सम्पत्ति तथा मूल्य अभिवृद्धि पनि फरक-फरक रहेको छ ।

तालिका ७ : उद्योगको स्थिति

| प्रदेश | उद्योगको संख्या | संलग्न जनशक्ति संख्या | रोजगार संख्या | कुल स्थिर सम्पति (रु.करोडमा) | मूल्य अभिवृद्धि (रु.करोडमा) |
|---|---|---|---|---|---|
| प्रदेश १ | ७३७ | ४१,५२९ | ३९,८६३ | २,०४९.६ | १,२०२.९ |
| प्रदेश २ | ८१२ | ५१,४२३ | ४९,८२० | ३,३५५.९ | ३,१६३.२ |
| प्रदेश ३ | ९६५ | ५१,४१६ | ४९,००१ | ३,५९१.० | १,६५४.५ |
| प्रदेश ४ | ४६० | १९,३१९ | १८,२८६ | ८२६.३ | ७३६.८ |
| प्रदेश ५ | ८२७ | ३३,३२३ | ३१,२२१ | १,७३०.२ | १,२१२.५ |
| कर्णाली | ४४ | ५२२ | ४२४ | २१.३ | ५.८ |
| प्रदेश ७ | २३१ | ६,६७७ | ६,२५२ | ३९५.३ | १०१.६ |
| **जम्मा** | **४,०७६** | **२०४,२०९** | **१९४,८६७** | **११,९७०** | **८,०७७** |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, National Census of Manufacturing Establishments-2011/12

*दीगो विकास लक्ष्य - उद्योग क्षेत्रको योगदान २५ प्रतिशत ।*

# भौतिक पूर्वाधार

## जलविद्युत उत्पादन स्थिति

१८. विद्युत विकास विभागका अनुसार २०७५ वैशाख १२ गतेसम्ममा कुल १००६.८ मेगावाट विद्युत उत्पादन भएको छ । यसरी उत्पादन भएको विद्युत प्रदेश ४ मा सबैभन्दा बढी ४५९.१ मेगावाट, प्रदेश ३ मा ३४०.३ मेगावाट, प्रदेश १ मा १२३.५ मेगावाट, प्रदेश ७ मा ३८.५ मेगावाट, प्रदेश ५ मा २१.७ मेगावाट र कर्णाली प्रदेशमा ३.८ मेगावाट रहेको छ । प्रदेश २ मा कुनै पनि जलविद्युत आयोजना संचालन तथा निर्माणाधीन छैनन् ।

तालिका ८ : जलविद्युत उत्पादन स्थिति (मेगावाटमा)

| प्रदेश | संचालनमा रहेका आयोजनाको क्षमता | निर्माणाधीन आयेजनाको क्षमता |
|---|---|---|
| प्रदेश १ | १२३.५ | ७६५.४ |
| प्रदेश २ | ०.० | ०.० |
| प्रदेश ३ | ३४०.३ | २,३२६.६ |
| प्रदेश ४ | ४७९.१ | १,४०४.३ |
| प्रदेश ५ | २१.७ | १६.२ |
| कर्णाली | ३.८ | ३९.७ |
| प्रदेश ७ | ३८.५ | ८९.३ |
| **जम्मा** | **१००६.८** | **४,६४१.६** |

स्रोत : विद्युत विकास विभाग (२०७५/०१/१२) ।

*दीगो विकास लक्ष्य - १०,००० मे.वाट विद्युत उत्पादन गर्ने ।*

१९. निर्माणको चरणमा रहेका ४ हजार ६ सय ४१ मेगावाट आयोजना मध्ये ५० प्रतिशत भन्दा बढी क्षमताका आयोजनाहरु (२ हजार ३ सय २६ मेगावाट) प्रदेश ३ मा रहेका छन् । त्यसैगरी, प्रदेश ४ मा १ हजार ४ सय ४ मेगावाट, प्रदेश १ मा ७ सय ६५ मेगावाट, प्रदेश ७ मा ८९ मेगावाट, कर्णाली प्रदेशमा करिब ४० मेगावाट र प्रदेश ५ मा १६ मेगावाट क्षमताका आयोजनाहरु निर्माणको चरणमा रहेका छन् ।

## सडकको स्थिति

२०. नेपालमा कुल ७० हजार ४ सय ७४ कि.मी सडक मध्ये १२.२ प्रतिशत कालो पत्रे, २०.८ प्रतिशत ग्राभेल र ६७ प्रतिशत कच्ची सडक रहेको छ । कुल सडकमध्ये प्रदेश ३ मा सबैभन्दा बढी २४.४ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ५.२ प्रतिशत रहेको छ । सडक प्रयोग गर्ने जनसंख्या (प्रति कि.मी) प्रदेश २ मा सबैभन्दा बढी ७६७ रहेको छ भने प्रदेश ४ मा सबैभन्दा कम २१७ रहेको छ ।

२१. प्रदेश १ देखि ५ सम्म Road Density राष्ट्रिय औसत ०.४८ $KM/KM^2$ भन्दा बढी र कर्णाली प्रदेश र प्रदेश ७ मा राष्ट्रिय औसत भन्दा कम रहेको छ । प्रदेश ३ मा Road Density सबैभन्दा बढी ०.८५ $KM/KM^2$ र कर्णाली प्रदेशमा सबैभन्दा कम ०.११ $KM/KM^2$ रहेको छ ।

**तालिका ९ : प्रदेशगत सडक संजाल (कि.मी)**

| प्रदेश | कुल सडक | कालो पत्रे | ग्राभेल | कच्ची | अंश | प्रति कि.मी जनसंख्या | Road Desnity ($KM/KM^2$) |
|---|---|---|---|---|---|---|---|
| प्रदेश १ | १४,०८५ | १३८२.७ | २,८१३ | ९,८८९ | २०.० | ३२२ | ०.५४ |
| प्रदेश २ | ७,०४९ | ८१२.५२ | ३,२३१ | ३,००५ | १०.० | ७६७ | ०.७३ |
| प्रदेश ३ | १७,२२३ | २२८९.५ | २,९७७ | ११,९५६ | २४.४ | ३२१ | ०.८५ |
| प्रदेश ४ | १२,५८६ | ९००.८२ | १,३६५ | १०,३२० | १७.९ | २१७ | ०.५६ |
| प्रदेश ५ | १०,८३९ | १७७२ | ३,०१८ | ६,०४९ | १५.४ | ३८० | ०.६३ |
| कर्णाली | ३,६६१ | ४८९.८२ | १८४ | २,९८७ | ५.२ | ४४४ | ०.११ |
| प्रदेश ७ | ५,०३३ | ९३० | १,०६४ | ३,०३९ | ७.१ | ५०७ | ०.२६ |
| जम्मा | ७०,४७४ | ८५७७.५ | १४,६५२ | ४७,२४५ | १०० | ३७६ | ०.४८ |

स्रोत : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय । **(डिसेम्बर, २०१६)**

## वित्तीय क्षेत्र

### बैंक तथा वित्तीय संस्थाको स्थिति

२२. २०७४ चैत मसान्तको तथ्याङ्क अनुसार वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीका गरी कुल ३६७३ शाखा सञ्चालनमा रहेका छन् । वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीका सबैभन्दा बढी शाखा प्रदेश ३ मा रहेका छन् भने सबैभन्दा न्यून कर्णाली प्रदेशमा रहेका छन् (तालिका १०) ।

**तालिका १० : बैंक तथा वित्तीय संस्थाका शाखा संख्या (२०७४ चैत मसान्त)**

| प्रदेश | वाणिज्य बैंक (क वर्ग) | विकास बैंक (ख वर्ग) | वित्त कम्पनी (ग वर्ग) | जम्मा | अंश (प्रतिशत) | प्रति शाखा जनसंख्या |
|---|---|---|---|---|---|---|
| प्रदेश १ | ४०६ | ११३ | ३८ | ५५७ | १५.२ | ८६३७ |
| प्रदेश २ | २७४ | ४१ | १७ | ३३२ | ९.० | १७९७३ |
| प्रदेश ३ | ९४१ | २५२ | ७० | १,२६३ | ३४.४ | ४८५३ |
| प्रदेश ४ | ३०४ | २०६ | २५ | ५३५ | १४.६ | ४६४० |
| प्रदेश ५ | ३९० | २४२ | २६ | ६५८ | १७.९ | ७६९४ |
| कर्णाली | १०३ | ८ | २ | ११३ | ३.१ | १३८३३ |
| प्रदेश ७ | १६६ | ४६ | ३ | २१५ | ५.९ | १३०३९ |
| **जम्मा** | **२,५८४** | **९०८** | **१८१** | **३,६७३** | **१००.०** | **७८४६** |

स्रोत : नेपाल राष्ट्र बैंक ।

२३. क, ख र ग वर्गका वित्तीय संस्थाहरुको प्रति शाखा जनसंख्या स्थितिलाई हेर्दा प्रदेश २ मा सबैभन्दा बढी अर्थात् एक शाखाले १७,९७३ जनालाई सेवा पुऱ्याउन सक्ने देखिन्छ भने प्रदेश ४ मा सबैभन्दा कम प्रति शाखा जनसंख्या ४६४० रहेको छ । प्रति शाखा जनसंख्या राष्ट्रिय औसत ७,८४६ भन्दा बढी रहेका अन्य प्रदेशहरुमा कर्णाली प्रदेश (१३,८३३), प्रदेश ७ (१३,०३९) र प्रदेश १ (८,६३७) रहेका छन् ।


२४. कुल ७५३ स्थानीय तहमध्ये २०७५ बैशाख मसान्तसम्म ५१० तहमा वाणिज्य बैंकहरुको उपस्थिति रहेको छ । शाखा विस्तार गर्न बाँकी रहेका स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाहरुले २०७५ असार मसान्तसम्ममा शाखा विस्तार गरी सक्नु पर्ने गरी नीतिगत व्यवस्था गरिएको छ ।


**तालिका ११ : स्थानीय तहमा वाणिज्य बैंकहरुको उपस्थिति (बैशाख)**

| प्रदेश | स्थानीय तहको संख्या | वाणिज्य बैंकहरुको उपस्थिति भएका स्थानीय तहको संख्या | शाखा विस्तार गर्न बाँकी रहेका स्थानीय तहको संख्या |
|---|---|---|---|
| प्रदेश १ | १३७ | ९४ | ४३ |
| प्रदेश २ | १३६ | ९८ | ३८ |
| प्रदेश ३ | ११९ | ९० | २९ |
| प्रदेश ४ | ८५ | ६४ | २१ |
| प्रदेश ५ | १०९ | ८५ | २४ |
| कर्णाली | ७९ | ३५ | ४४ |
| प्रदेश ७ | ८८ | ४४ | ४४ |
| **जम्मा** | **७५३** | **५१०** | **२४३** |

स्रोत : नेपाल राष्ट्र बैंक

२५. २०७४ असार मसान्तमा संकलन भएको कुल निक्षेप रकम रु २२ खर्ब ८५ अर्ब मध्ये दुई तिहाई भन्दा बढी (७२ प्रतिशत) प्रदेश ३ मा संकलन भएको छ । त्यसैगरी, कर्जा प्रवाहमा समेत उक्त प्रदेशको अंश आधा भन्दा बढी अर्थात् ५७ प्रतिशत रहेको छ । यसरी हेर्दा प्रदेश ३ मा वित्तीय संस्थाहरुको उपस्थिति एवम् वित्तीय साधनको परिचालन उच्च रुपमा केन्द्रिकृत भएको देखिन्छ (चार्ट १ र २) ।




२६. निक्षेप संकलन तथा कर्जा प्रवाहको आधारमा कर्णाली प्रदेश सबैभन्दा कमजोर रहेको छ । उक्त प्रदेशमा निक्षेप संकलन तथा कर्जा प्रवाह दुबैको अंश करिब १ प्रतिशत छ । त्यसैगरी, प्रदेश ७ मा निक्षेप संकलन तथा कर्जा प्रवाहको अंश क्रमश: २ प्रतिशत तथा ३ प्रतिशत रहेको छ ।

२७. निक्षेप संकलनको तुलनामा कर्जा प्रवाह बढी हुने प्रदेशहरु प्रदेश १, प्रदेश २, प्रदेश ४, प्रदेश ५ र प्रदेश ७ रहेका छन् भने अन्य प्रदेशमा निक्षेप संकलनको तुलनामा कर्जा प्रवाह कम रहेको छ ।

### सहकारी क्षेत्रको स्थिति

२८. नेपाल सरकार, सहकारी विभागका अनुसार २०७४ असार मसान्तमा कुल ३४ हजार ५ सय १२ वटा सहकारी संस्थाहरु संचालनमा रहेका छन् । जसमध्ये प्रदेश ३ मा सबैभन्दा बढी ११ हजार ५ सय ७७ वटा र कर्णाली प्रदेशमा सबैभन्दा कम २ हजार १ सय २२ वटा सहकारी संस्थाहरु संचालनमा रहेका छन् । त्यसैगरी, संचालकको संख्या, सदस्य संख्या तथा कर्मचारीको संख्या पनि सहकारी संख्या अनुरुप नै विभाजन भएको देखिन्छ ।

२९. सहकारी संस्थामा भएको सेयर पूँजी, बचत तथा ऋण लगानीको आधारमा समेत प्रदेश ३ अग्र स्थानमा रहेको छ । कुल ७३ अर्ब शेयर लगानी रहेको सहकारी क्षेत्रमा करिव ६७ प्रतिशत अंश प्रदेश ३ को रहेको छ । साथै, कुल रु. ३ खर्ब २ अर्ब बचत परिचालनमा ६६ प्रतिशत र कुल रु. २ खर्ब ७३ अर्बको ऋण लागनीमा ५६ प्रतिशत हिस्सा प्रदेश ३ को रहेको छ ।

**तालिका १२ : सहकारी संस्थाहरुको कारोबार स्थिति (असार २०७४)**

| प्रदेश | सहकारी संस्थाको संख्या | संचालकको संख्या | सदस्य संख्या | कर्मचारी संख्या | शेयर पूँजी (रु दश लाखमा) | बचत (रु दश लाखमा) | ऋण लगानी (रु दश लाखमा) |
|---|---|---|---|---|---|---|---|
| **प्रदेश १** | ५,१४४ | ३७,६५२ | १,०४३,०६४ | ८,२५० | ७,०५१ | २६,९७९.७ | ३१,५३२.२ |
| **प्रदेश २** | ५,८५७ | ३५,८३४ | ७२४,५०४ | ४,७४३ | २,२७३ | ६,०७६.८ | ८,४९८.१ |
| **प्रदेश ३** | ११,५७७ | ७७,९३७ | २,०५४,०४५ | २९,५६० | ४९,२३१ | १९९,५८१.३ | १५३,२२०.४ |
| **प्रदेश ४** | ३,६८७ | ३०,९७९ | ९०४,५७३ | ८,७८७ | ७,०१२ | ३८,०७८.३ | ४४,३८८.८ |
| **प्रदेश ५** | ३,७६३ | २९,०११ | ८६६,२५४ | ५,३०२ | ५,३६७ | २२,८३३.५ | २५,७५२.२ |
| **कर्णाली** | २,१२२ | १७,३१२ | २९३,५०० | १,७०३ | ८९२ | २,७११.७ | ३,७९८.० |
| **प्रदेश ७** | २,३६२ | १९,१०२ | ४१९,६४१ | २,१७२ | १,३५२ | ५,९०३.२ | ६,५२०.६ |
| **जम्मा** | **३४,५१२** | **२४७,८२७** | **६,३०५,५८१** | **६०,५१७** | **७३,१७९** | **३०२,१६५** | **२७३,७१०** |

स्रोत : सहकारी विभाग, सहकारी तथ्याङ्क २०७४ ।

नोट : नवलपरासीलाई प्रदेश ४ र रुकुमलाई कर्णाली प्रदेशमा समावेश गरिएको ।

## सामाजिक विकास

### स्वास्थ्य तथा शिक्षाको स्थिति

३०. प्रदेश १, २, ३ र ४ मा औसत आयु राष्ट्रिय औसत ६८.८ भन्दा उच्च रहेको छ भने अन्य प्रदेशमा राष्ट्रिय औसत भन्दा कम छ ।

३१. प्रदेश २ को औसत आयु सबैभन्दा बढी ७०.४ वर्ष रहेको छ भने कर्णाली प्रदेशको सबैभन्दा कम ६६.८ वर्ष रहेको छ । तर प्रदेश २ मा बाल मृत्युदर सबैभन्दा बढी (प्रति हजार जन्ममा) ५८.४ रहेको छ र उक्त प्रदेशमा नै मानव विकासको आवस्था सबैभन्दा न्यून (०.४२) रहेको छ । वाल मृत्युदर सबैभन्दा कम प्रदेश ४ मा रहेको छ । उक्त प्रदेशमा प्रति १००० शिशुको जन्ममा २२ जनाको मृत्यु हुने गरेको छ ।

३२. मानवीय गरिबी (Human Poverty) को आधारमा हेर्दा प्रदेश २ सबैभन्दा कमजोर रहेको छ । उक्त प्रदेशको मानवीय गरिबी सूचक (Human Poverty Index) सबैभन्दा बढी ४१.९ रहेको छ जसले उक्त क्षेत्रका मानिसहरुमा रहेको *Longevity, Knowledge and Decent Standard of Living* का आधारमा मापन गरिएको पछौटे अवस्थालाई प्रतिविम्बित गर्दछ । त्यसैगरी, प्रदेश ४ को Human Poverty Index सबैभन्दा कम २६.१ रहेको छ, जसले यो प्रदेश तुलनात्मक रुपमा अन्य प्रदेश भन्दा सवल रहेको प्रतिविम्बित गर्दछ ।

**तालिका १३ : स्वास्थ्य तथा शिक्षाको स्थिति**

| प्रदेश | औसत आयु (वर्ष) | वाल मृत्युदर (प्रति हजार जन्म) | मानव विकास सूचकाङ्क | Human Povery Index (HPI) | साक्षरता दर (प्रतिशत) |
|---|---|---|---|---|---|
| प्रदेश १ | ६८.५ | ३५.६ | ०.५०४ | २७.२ | ६५.३ |
| प्रदेश २ | ७०.४ | ५८.४ | ०.४२१ | ४१.९ | ४०.९ |
| प्रदेश ३ | ६९.७ | २४.६ | ०.५४३ | २७.१ | ६९.३ |
| प्रदेश ४ | ६९.५ | २२.१ | ०.५१३ | २६.१ | ५५.६ |
| प्रदेश ५ | ६७.६ | ४३.७ | ०.४६८ | ३१.६ | ५९.४ |
| कर्णाली | ६६.८ | ५३.७ | ०.४२७ | ४१.० | ५३.० |
| प्रदेश ७ | ६६.९ | ४७.९ | ०.४३१ | ३५.३ | ५४.९ |
| **नेपाल** | **६८.८** | **४०.८** | **०.४९०** | **३१.१** | **५९.६** |

स्रोत : मानव विकास प्रतिवेदन, २०१४ र पपुलेशन मोनोग्राफ ।

३३. प्रदेश ३ औसत साक्षरता दर ६९.३ प्रतिशत सहित अग्रस्थानमा रहेको छ भने प्रदेश १ औसत साक्षरता दर ६५.३ प्रतिशत सहित दोस्रो स्थानमा रहेको छ । अन्य प्रदेशको

साक्षरता दर देशको औसत साक्षरता दर ५९.६ प्रतिशत भन्दा कम रहेको छ । जसमा प्रदेश २ को साक्षरता दर सबैभन्दा कम ४०.९ प्रतिशत रहेको छ ।

## आधारभूत सुविधाको स्थिति

३४. प्रदेश १, २, ४ र ५ मा खानेपानीको सुविधा राष्ट्रिय औसत ८५.९ प्रतिशत भन्दा उच्च रहेको छ भने अन्य प्रदेशमा राष्ट्रिय औसत भन्दा कम रहेको छ । प्रदेश २ मा सबैभन्दा बढी ९३.८ प्रतिशत घरधुरीमा र कर्णाली प्रदेशमा सबैभन्दा कम ६४.५ प्रतिशत घरधुरीमा खानेपानी सुविधा पुगेको छ ।

**तालिका १४ : आधारभूत सुविधा उपलब्धताको स्थिति (प्रतिशतमा)**

| प्रदेश | खानेपानीको सुविधा प्राप्त गर्ने घरधुरी | खाना बनाउनको लागि ठोस उर्जाको उपयोग | विद्युतको सुविधा प्राप्त घरधुरी | शौचालयको सुविधा प्राप्त घरधुरी |
|---|---|---|---|---|
| प्रदेश १ | ८९.४ | ७९.८ | ६६.१ | ६९.६ |
| प्रदेश २ | ९३.८ | ९२.० | ६०.४ | २६.४ |
| प्रदेश ३ | ८१.८ | ४६.८ | ८६.३ | ८२.७ |
| प्रदेश ४ | ८६.८ | ७०.४ | ८३.० | ८१.४ |
| प्रदेश ५ | ८८.६ | ८१.४ | ६५.७ | ५६.० |
| कर्णाली | ६४.५ | ९५.६ | २१.७ | ५०.५ |
| प्रदेश ७ | ८२.२ | ९१.९ | ४८.४ | ४७.० |
| **नेपाल** | **८५.९** | **७५.३** | **६७.७** | **६१.५** |

स्रोत : पपुलेशन मोनोग्राफ ।

३५. विद्युत सुविधाको उपलब्धतालाई हेर्दा कर्णाली प्रदेशमा राष्ट्रिय औसत ६७.७ प्रतिशतको तुलनामा अत्यन्त न्यून अर्थात् २१.७ प्रतिशत घरधुरीमा मात्र विजुलीको सुविधा पुगेको छ । त्यसैगरी, प्रदेश ७ मा पनि केवल ४८.४ प्रतिशत घरधुरीमा मात्र विजुलीको सुविधा पुगेको छ । प्रदेश ३ र प्रदेश ४ मा मात्र राष्ट्रिय औसत भन्दा बढी प्रतिशत घरधुरीलाई विद्युत सुविधा पुगेको छ ।

३६. राष्ट्रिय रुपमा शौचालयको सुविधा प्राप्त गर्ने घरधुरी ६१.५ प्रतिशत रहेको छ । यस्तो सुविद्या प्रदेश ३ मा सबैभन्दा बढी ८२.७ प्रतिशत र प्रदेश २ मा सबैभन्दा कम २६.४ प्रतिशत रहेको छ । त्यसैगरी, प्रदेश १, प्रदेश ४, कर्णाली प्रदेश र प्रदेश ७ मा शौचालयको सुविधा प्राप्त घरधुरी क्रमशः ६९.६ प्रतिशत, ८१.४ प्रतिशत, ५०.५ प्रतिशत र ४७.० प्रतिशत रहेको छ ।

## गरिबी , आय र मानव विकासको स्थिति

३७. प्रदेश २, प्रदेश ५, कर्णाली प्रदेश र प्रदेश ७ मा गरिबीको दर राष्ट्रिय औसत २५.२ प्रतिशत भन्दा उच्च रहेको छ भने अन्य प्रदेशमा राष्ट्रिय औसत भन्दा कम रहेको छ ।

**तालिका १५ : गरिबी तथा मानव विकास सूचकाङ्क**

| प्रदेश | बहु-आयामिक गरिबीको दर (प्रतिशत) | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरुको संख्या | मानव विकास सूचकाङ्क |
|---|---|---|---|---|---|---|
| प्रदेश १ | १९.७ | १६.० | ३.६ | १.१ | ७१८,३६२ | ०.५०४ |
| प्रदेश २ | ४७.९ | २७.७ | ७.१ | २.४ | १,४८३,८८४ | ०.४२१ |
| प्रदेश ३ | १२.२ | १५.३ | ४.८ | १.६ | ८३४,७९७ | ०.५४३ |
| प्रदेश ४ | १४.२ | १५.२ | ४.२ | १.४ | ४१०,०३२ | ०.५१२ |
| प्रदेश ५ | २९.९ | २५.८ | ६.५ | २.३ | १,०५३,३७९ | ०.४६८ |
| कर्णाली | ५१.२ | ३६.५ | १०.१ | ३.७ | ५८६,६८३ | ०.४२७ |
| प्रदेश ७ | ३३.६ | ४२.० | १२.१ | ४.६ | १,०६०,७३८ | ०.४३१ |
| **नेपाल** | २८.६ | **२५.२** | **५.४३** | **१.८१** | **६,१४७,८७५** | **०.४९०** |

स्रोत : Small Area Estimates of Poverty -2011 (CBS) र राष्ट्रिय योजना आयोग, मानव विकास प्रतिवेदन २०१४ र Multidimentional Poverty Index 2018 ।

***दीगो विकास लक्ष्य - राष्ट्रिय गरिबी दर ५ प्रतिशत भन्दा कम ।***

३८. प्रदेश ७ मा गरिबीको दर, गरिबीको विषमता तथा गरिबीको गहनता सबैभन्दा उच्च क्रमशः ४२.० प्रतिशत, १२.१ प्रतिशत र ४.६ प्रतिशत रहेको छ । उक्त प्रदेशका ९ मध्ये ६ जिल्ला गरिबीको दर अनुसार समृद्धिस्तर सबैभन्दा न्यून रहेका १० जिल्ला मध्ये पर्दछन् । प्रदेश ४ मा गरिबीको दर सबैभन्दा न्यून १५.२ प्रतिशत रहेको छ भने प्रदेश १ मा गरिबीको विषमता तथा गहनता सबैभन्दा न्यून रहेको छ । त्यसैगरी, संख्यागत रुपमा प्रदेश २ मा सबैभन्दा बढी र प्रदेश ४ मा सबैभन्दा कम गरिब रहेका छन् ।

३९. बहु-आयामिक गरिबीको दरलाई विश्लेषण गर्दा कर्णाली प्रदेश र प्रदेश २ मा सबैभन्दा बढी गरिबी रहेको देखिन्छ । त्यसपछिका गरीब प्रदेशहरुमा प्रदेश ७ र प्रदेश ५ पर्दछन् । बहु-आयामिक गरिबीको दरलाई आधार मान्दा प्रदेश ३ र ४ मा सबैभन्दा कम गरिबी रहेको छ ।

## आधारभूत खाद्यान्न स्थिति

४०. नेपाल सरकार, कृषि विकास मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७२/७३ मा नेपालको कुल खाद्यान्न उत्पादन ५३ लाख ५५ हजार मे.टन रहेको छ । उक्त वर्ष मुलुकमा

खाद्यान्नको माग ५४ लाख २६ हजार मे.टन रही समग्रमा ७१ हजार मे.टन खाद्यान्न न्यून रहेको थियो । समथर जमिन रहेको प्रदेश २ मा समेत खाद्यान्नको माग उत्पादन भन्दा १ लाख १२ हजार मे.टनले बढी रहेको छ । त्यसैगरी, खाद्यान्न न्यून रहेका अन्य प्रदेशहरुमा प्रदेश ३ र कर्णाली प्रदेश रहेका छन् भने प्रदेश १, ४, ५ र ७ मा खाद्यान्न बचत रहेको छ ।

**तालिका १६ : आधारभूत खाद्यान्न स्थिति (मे.टनमा)**

| प्रदेश | चामल | मकै | कोदो | फापर | गहुँ | जौं | खाद्यान्न (कुल) | आवश्यक | बचत/ न्यून |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रदेश १** | ५४६१३७ | ४५६१४३ | ६५०२९ | २५९८ | १४१६७८ | ४७१ | १२१२०६० | ८९१८५० | **३२०२१०** |
| **प्रदेश २** | ४९५१५८ | ५५५४१ | १९८८ | ० | ३९५८९६ | ६१ | ९४८६३९ | १०६०४८८ | **-१११८४९** |
| **प्रदेश ३** | २४०६७० | ३३६००५ | ४०६६६ | १५३० | ७१५८३ | ४५० | ६९०९०२ | १२२५९३० | **-५३५०२८** |
| **प्रदेश ४** | २३९४९३ | २६२९६४ | ७५२८९ | २१८१ | ६९५१० | ६८४ | ६५०११९ | ५५२५२७ | **९७५९२** |
| **प्रदेश ५** | ५०५७९३ | १७३४२८ | ९८३६ | १०७८ | २९६६८४ | ८४१ | ९८७६६१ | ८२०९१३ | **१६६७४८** |
| **कर्णाली** | ६७६६६ | १२०२९६ | १७४६९ | २०५७ | १२३८७० | ४४३० | ३३५७८६ | ३५२५४५ | **-१६७५९** |
| **प्रदेश ७** | २७९४७१ | ३१८०६ | १३२७५ | ९७ | २०३५३० | १८८५ | ५३००६५ | ५२२३७८ | **७६८७** |
| **जम्मा** | **२३७४३८८** | **१४३६१८३** | **२२३५५२** | **९५४१** | **१३०२७५१** | **८८२२** | **५३५५२३२** | **५४२६६३१** | **-७१३९९** |

स्रोत : कृषि विकास मन्त्रालय ।

*दीगो विकास लक्ष्य - Food sufficiency ।*

## सरकारी राजस्व तथा खर्च

४१. आर्थिक वर्ष २०६८/६९ देखि २०७२/७३ सम्मको कुल राजस्व संकलन तथा सरकारी खर्च (वित्तीय व्यवस्था वाहेक) मा प्रदेशगत अन्तर व्यापक रहेको देखिन्छ । प्रदेश ३ मा कुल राजस्वको ५० प्रतिशत संकलन हुने गरेको देखिन्छ । त्यसैगरी, कुल खर्चमा प्रदेश ३ को अंश ५०.९ प्रतिशत रहेको छ । कर्णाली प्रदेशमा राजस्व संकलन तथा खर्च सबैभन्दा कम रहेको छ । उक्त प्रदेशले राजस्व संकलनमा ०.२ प्रतिशत योगदान गरेको छ भने कुल खर्चको ५.८ प्रतिशत उक्त प्रदेशमा गएको छ ।

**तालिका १७ : प्रदेशगत राजस्व तथा सरकारी खर्च**

| प्रदेश | राजस्व संकलन (रु. अर्बमा) | सरकारी खर्च (रु. अर्बमा) | राजस्व (प्रतिशतमा) | खर्च (प्रतिशतमा) |
|---|---|---|---|---|
| प्रदेश १ | १४८.२ | २०६.० | ८.२ | १०.९ |
| प्रदेश २ | ४७६.८ | १४९.१ | २६.५ | ७.९ |
| प्रदेश ३ | ८९९.८ | ९६२.९ | ५०.० | ५०.९ |
| प्रदेश ४ | २७.७ | १४२.६ | १.५ | ७.५ |
| प्रदेश ५ | २२०.६ | १९१.९ | १२.३ | १०.१ |
| कर्णाली | ३.५ | १०९.५ | ०.२ | ५.८ |
| प्रदेश ७ | २२.० | १२९.९ | १.२ | ६.९ |
| **जम्मा** | **१,७९८.६** | **१,८९१.९** | **१००** | **१००** |

स्रोत : महालेखा नियन्त्रक कार्यालय ।

नोट : आर्थिक वर्ष २०६८/६९ देखि २०७२/७३ को एकमुष्ठ राजस्व तथा खर्च (वित्तीय व्यवस्था बाहेक) ।

४२. राजस्व संकलनमा प्रदेश २ ले २६.५ प्रतिशत, प्रदेश ५ ले १२.३ प्रतिशत, प्रदेश १ ले ८.२ प्रतिशत, प्रदेश ४ ले १.५ प्रतिशत र प्रदेश ७ ले १.२ प्रतिशत योगदान गरेको देखिन्छ । त्यसैगरी, सरकारी खर्चमा प्रदेश १ मा १०.९ प्रतिशत, प्रदेश ५ मा १०.१ प्रतिशत, प्रदेश २ मा ७.९ प्रतिशत, प्रदेश ४ मा ७.५ प्रतिशत र प्रदेश ७ मा ६.९ प्रतिशत खर्च भएको देखिन्छ ।

४३. आर्थिक वर्ष २०७३/७४ मा संकलन भएको राजस्व संकलनलाई तालिका १८ मा देखाइएको छ ।

## तालिका १८ :  आर्थिक वर्ष २०७३/७४ को प्रदेशगत राजस्व संकलन

(रु दश लाखमा)

| राजस्व शिर्षक | प्रदेश १ | प्रदेश २ | प्रदेश ३ | प्रदेश ४ | प्रदेश ५ | कर्णाली | प्रदेश ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| सम्पत्ति बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | २३०.७ | १५४.६ | ३१८०.४ | १८६.६ | २२८.८ | ४१.१ | ९३.० | ४११५.२ |
| घर जग्गा रजिष्ट्रेशनमा लाग्ने कर | १६९७.३ | ११३१.४ | ११२२४.८ | १६४५.४ | १५०६.८ | १२०.६ | ३४७.१ | १७६७३.४ |
| मूल्य अभिवृद्धि कर## | ५४१४.४ | १५०६४.९ | १७९४२.० | ३१४.५ | ८६७७.१ | ३९.५ | ६९४.४ | ४८१४६.९ |
| अन्त:शुल्क (आन्तरिक)## | ९३०.३ | ३००४.४ | ५८८८.६ | ९८१.१ | ३०६५.१ | ४.५ | ३४२.९ | १४२१६.९ |
| क्यासिनोबाट प्राप्त रोयाल्टी $$ | ०.० | ०.० | २२०.६ | ०.० | | | ०.० | २२०.६ |
| रोयाल्टी$$ | १३८.७ | ६५.९ | ३९२४.७ | ५२.८ | ७३.२ | ५०.७ | १५४.९ | ४४६०.८ |
| निजी धारा वापतको शुल्क | | ०.३ | ०.५ | ०.० | ०.० | ०.० | ०.० | ०.८ |
| नहर तथा कुलो उपयोग वापतको शुल्क | ०.६ | ०.२ | ०.० | ०.० | ०.६ | ०.० | ०.३ | १.८ |
| शिक्षा क्षेत्रको आम्दानी | ६९.६ | ४९.७ | १६३.९ | ५०.१ | ५६.१ | ३४.४ | ४५.४ | ४६९.१ |
| परीक्षा शुल्क | ४१.६ | ३४.० | १५०.६ | २३.३ | ४१.२ | २६.० | २१.२ | ३३८.० |
| पर्वतारोहण र पदयात्रा स्वीकृति शुल्क | ०.० | ०.० | ७८८.५ | १५.५ | ०.० | ०.० | ०.१ | ८०४.१ |
| अन्य पर्यटकहरुलाई लाग्ने शुल्क | | | ४.७ | | | ०.७ | ०.० | ५.४ |
| प्रदुषण नियन्त्रण शुल्क | २३.९ | ३२.७ | १०१७.० | ०.० | ६.१ | ०.० | ०.६ | १०८०.२ |
| **जम्मा** | **८५४७.१** | **१९५३८.१** | **४४५०६.४** | **३२६९.५** | **१३६५५.०** | **३१७.३** | **१६९९.८** | **९१५३३.२** |

स्रोत : महालेखा नियन्त्रक कार्यालय ।

## अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा उल्लेख भए बमोजिम (७०/१५/१५) को अनुपातमा) बाँडफाँड गरिएको ।

$$ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा उल्लेख भए बमोजिम (५०/२५/२५) को अनुपातमा) बाँडफाँड गरिएको ।

# उपसंहार

४४. संघीयतामा प्रवेश गरेपश्चात् नेपालको राजनैतिक एवम् प्रशासनिक संरचनामा परिवर्तन आएको छ । संघीय संरचना अनुसार बनेका ७ प्रदेशहरुको प्रदेशगत आर्थिक तथा वित्तीय तथ्याङ्क एवम् विवरणहरु पूर्ण रुपमा संकलन तथा प्रशोधन हुन अझै केही समय लाग्न सक्छ । नीति निर्माण गर्न सहज होस् भन्ने उद्देश्यले विभिन्न स्रोतबाट तथ्याङ्क संकलन र केही सुत्र प्रयोग गरी यो प्रदेशगत प्रोफाइल तयार गरिएको हो ।

४५. यो प्रोफाइलमा प्रदेशहरुको प्रमुख आर्थिक तथा सामाजिक परिसूचकहरुलाई संक्षिप्त रुपमा उल्लेख गरिएको र आगामी दिनमा उपलब्ध थप तथ्याङ्क विश्लेषण गर्ने कार्यलाई निरन्तरता दिने लक्ष्य लिइएको छ । अन्तमा, राष्ट्रिय तथा स्थानीय रुपमा उपलब्ध तथ्याङ्क एवम् विवरणका आधारमा सबै प्रदेशहरुको आर्थिक, सामाजिक, वित्तीय एवम् जनसांख्यिक स्थिति झल्कने गरी पहिलो पटक सार्वजनिक गरिएको यो प्रोफाइल नीति-निर्माता लगायत सरोकारवाला सबैलाई सहयोगी हुने विश्वास लिइएको छ ।

## सन्दर्भ सामाग्री

Central Bureau of Statistics. 2014. *National Census of Manufacturing Establishments.* Central Bureau of Statistics, Kathmandu.

Central Bureau of Statistics. 2014. *Population Monograph of Nepal Volume; I, II and III.* Central Bureau of Statistics, Kathmandu.

Department of Cooperatives. 2018. *Statistics of Cooperative Enterprises*. Department of Cooperatives, Ministry of Agricultural, Land Development and Cooperatives Development, Kathmandu.

Department of Local Infrastructure Development and Agricultural Roads. 2016. *Statistics of Local Road Network.* Ministry of Federal Affairs and Local Development, Department of Local Infrastructure Development and Agricultural Roads, Kathmandu.

Ministry of Agricultural, Land Development and Cooperatives Development. 2017. *Statistical Information on Nepalese Agriculture.* Ministry of Agricultural, Land Development and Cooperatives Development, Kathmandu.

Ministry of Labour and Employment. 2016. *Labour Migration for Employment: A Status Report for Nepal.* Ministry of Labour and Employment, Kathmandu.

National Planning Commission. 2018. *Multidimensional Poverty Index*. National Planning Commission, Singha Durbar, Kathmandu.

National Planning Commission. 2014. *Nepal Human Development Report.* National Planning Commission, Singha Durbar, Kathmandu.

गाउँपालिका तथा नगरपालिका तथा नगरपालिकाको संक्षिप्त परिचय पुस्तिका. २०७४. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, काठमाडौं, नेपाल ।

नेपालमा गरिबीको लघुक्षेत्र अनुमान, २०६८ (संक्षिप्त नतिजा). २०७०. केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं, नेपाल ।

## अनुसूची १ : आर्थिक वर्ष २०७३/७४ मा प्राप्त राजस्वको आधारमा राजस्व बाँडफाँड

(रु. दश लाखमा)

| राजस्व शिर्षक | प्रदेश १ | प्रदेश २ | प्रदेश ३ | प्रदेश ४ | प्रदेश ५ | कर्णाली | प्रदेश ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| सम्पत्ति बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | २३०.७ | १५४.६ | ३१८०.४ | १८६.६ | २२८.८ | ४१.१ | ९३.० | ४११५.२ |
| घर जग्गा रजिष्ट्रेशनमा लाग्ने कर | १६९७.३ | ११३१.४ | ११२२४.८ | १६४५.४ | १५०६.८ | १२०.६ | ३४७.१ | १७६७३.४ |
| **मूल्य अभिवृद्धि कर##** | *६८७८.१* | *६८७८.१* | *६८७८.१* | *६८७८.१* | *६८७८.१* | *६८७८.१* | *६८७८.१* | *४८१४६.९* |
| **अन्त:शुल्क (आन्तरिक)##** | *२०३१.०* | *२०३१.०* | *२०३१.०* | *२०३१.०* | *२०३१.०* | *२०३१.०* | *२०३१.०* | *१४२१६.९* |
| क्यासिनोबाट प्राप्त रोयाल्टी $$ | ०.० | ०.० | २२०.६ | ०.० | | | ०.० | २२०.६ |
| **रोयाल्टी$$** | *६३७.३* | *६३७.३* | *६३७.३* | *६३७.३* | *६३७.३* | *६३७.३* | *६३७.३* | *४४६०.८* |
| निजी धारा वापतको शुल्क | | ०.३ | ०.५ | ०.० | ०.० | ०.० | ०.० | ०.८ |
| नहर तथा कुलो उपयोग वापतको शुल्क | ०.६ | ०.२ | ०.० | ०.० | ०.६ | ०.० | ०.३ | १.८ |
| शिक्षा क्षेत्रको आम्दानी | ६९.६ | ४९.७ | १६३.९ | ५०.१ | ५६.१ | ३४.४ | ४५.४ | ४६९.१ |
| परीक्षा शुल्क | ४१.६ | ३४.० | १५०.६ | २३.३ | ४१.२ | २६.० | २१.२ | ३३८.० |
| पर्वतारोहण र पदयात्रा स्वीकृति शुल्क | ०.० | ०.० | ७८८.५ | १५.५ | ०.० | ०.० | ०.१ | ८०४.१ |
| अन्य पर्यटकहरुलाई लाग्ने शुल्क | | | ४.७ | | | ०.७ | ०.० | ५.४ |
| प्रदुषण नियन्त्रण शुल्क | २३.९ | ३२.७ | १०१७.० | ०.० | ६.१ | ०.० | ०.६ | १०८०.२ |
| **जम्मा** | **११६१०** | **१०९४९** | **२६२९७** | **११४६७** | **११३८६** | **९७६९** | **१००५४** | **९१५३३** |

स्रोत : महालेखा नियन्त्रक कार्यालय ।

## अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा उल्लेख भए बमोजिम (७०/१५/१५) को अनुपातमा) बाँडफाँड गरिएको ।

$$ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ मा उल्लेख भए बमोजिम (५०/२५/२५) को अनुपातमा) बाँडफाँड गरिएको ।

नोट : सात वटै प्रदेशले मूल्य अभिवृद्धि कर, अन्त:शुल्क तथा रोयाल्टी बापत प्राप्त गर्ने कुल राजस्वलाई प्रत्येक प्रदेशमा बराबर बाँडफाँड गरिएको ।

## अनुसूची २ : निक्षेप र कर्जा प्रवाहको स्थिति (असार २०७४)

(रु करोडमा)

| प्रदेश | निक्षेप | कुल कर्जा | कृषि | उद्योग | निर्माण | विद्युत | पर्यटन | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| **प्रदेश १** | १३,८२३.४ | २३,४२७.२ | १,४०७.५ | ४,४६८.२ | २,३६४.१ | ९९.६ | २९२.५ | १४,७९५.४ |
| **प्रदेश २** | ९,८८६.० | १५,१९९.३ | १,२८४.३ | ३,६९१.३ | ८२३.३ | २४.५ | १६३.७ | ९,२१२.२ |
| **प्रदेश ३** | १६३,७५७.३ | १११,८५६.३ | ३,६७६.७ | १८,२२७.५ | ११,८९०.० | ५,५६०.९ | ४,२२६.१ | ६८,२७५.२ |
| **प्रदेश ४** | १७,३५७.५ | १७,६७५.९ | १,०५५.८ | १,०७१.६ | २,६४८.२ | ५०.२ | ८८७.६ | ११,९६२.५ |
| **प्रदेश ५** | १६,९२७.६ | २०,६७४.९ | १,२८९.७ | ३,३३६.९ | १,४६७.८ | ३७.५ | ५३६.३ | १४,००६.९ |
| **कर्णाली** | २,६०९.५ | २,३५०.१ | ११४.८ | ११४.७ | २८४.६ | ५.२ | ७५.५ | १,७५५.२ |
| **प्रदेश ७** | ४,१३४.४ | ५,५१७.७ | ३५४.६ | ७९२.९ | ४१८.७ | ३.९ | १५५.७ | ३,७९१.९ |
| **जम्मा** | **२२८,४९५.६** | **१९६,७०१.४** | **९,१८३.४** | **३१,७०३.१** | **१९,८९६.६** | **५,७८१.८** | **६,३३७.४** | **१२३,७९९.२** |

स्रोत : नेपाल राष्ट्र बैंक ।

नोट : आर्थिक गतिविधि अध्ययनमा समेटिएका ५७ जिल्ला मात्र समावेश गरिएको ।

**अनुसूची ३ : नेपाल सरकार (केन्द्र) ले संघीय कानून बमोजिम लगाउन सक्ने कर तथा गैर-कर**

| सि.नं. | कर | सिं नं. | गैर-कर |
|---|---|---|---|
| १. | भन्सार महसूल | १. | राहदानी शुल्क |
| २. | अन्तःशुल्क | २. | भिसा शुल्क |
| ३. | मूल्य अभिवृद्धि कर | ३. | पर्यटन दस्तुर |
| ४. | संस्थागत आयकर | ४. | सेवा शुल्क दस्तुर |
| ५. | व्यक्तिगत आयकर | ५. | दुर संचार सेवा दस्तुर |
| ६. | पारिश्रमिक कर | ६. | वन पैदावार शुल्क |
| ७. | | ७. | टेलिफोन स्वामित्व शुल्क |
| | संघीय कानून अनुसार लगाइने अन्य कर तथा गैर-कर | | |

**प्रदेशले प्रदेश कानून बमोजिम लगाउन सक्ने अन्य कर तथा गैर-कर**

| सि.नं. | कर | सिं नं. | गैर-कर |
|---|---|---|---|
| १. | घरजग्गा रजिष्ट्रेशन शुल्क | १. | सेवा शुल्क दस्तुर |
| २. | सवारी साधन कर | २. | पर्यटन शुल्क |
| ३. | मनोरञ्जन कर | ३. | दण्ड जरिवाना |
| ४. | विज्ञापन कर | | |
| ५. | कृषि आयमा कर | | |
| ६. | प्रदेशको अधिकार क्षेत्रको विषयमा प्रदेश कानून र अन्य प्रचलित कानून अनुसार लगाइने अन्य कर तथा गैर-कर | | |

## स्थानीय तहले लगाउन सक्ने कर तथा गैर-कर

| सि.नं. | कर | सिं नं. | गैर-कर |
|---|---|---|---|
| १. | सम्पत्ति कर | १. | सेवा शुल्क दस्तुर |
| २. | घर वहाल कर | २. | पर्यटन शुल्क |
| ३. | घरजग्गा रजिष्ट्रेशन शुल्क | | |
| ४. | सवारी साधन कर | | |
| ५. | भूमि कर (मालपोत) | | |
| ६. | मनोरञ्जन कर | | |
| ७. | विज्ञापन कर | | |
| ८. | व्यवसाय कर | | |
| ९. | स्थानीय तहको अधिकारक्षेत्रको विषयमा स्थानीय कानून र अन्य प्रचलित कानून अनुसार लगाइने अन्य कर तथा गैर-कर | | |

## अनुसूची ४ : प्रदेशगत राष्ट्रिय आय (रु. दश लाखमा)

| क्षेत्र | प्रदेश १ | प्रदेश २ | प्रदेश ३ | प्रदेश ४ | प्रदेश ५ | कर्णाली | प्रदेश ७ | कुल |
|---|---|---|---|---|---|---|---|---|
| कृषि तथा वन | १०२३१६ | ८३५०७ | ७६३२७ | ५६१४७ | ७९५५२ | २८४८३ | ४२२१८ | **४७३२७०** |
| मत्स्यपालन | ६३८ | २६९० | १२५ | १८२ | १०९८ | २ | १४१ | **४८७९** |
| खानी तथा उत्खनन | ९७० | ८७९ | २८४४ | ५७५ | ७२९ | ४२८ | ५३१ | **६९५६** |
| उत्पादन उद्योग | १४२९९ | २७२८१ | १९७४४ | ९१५२ | ६७५३ | १४०७ | १८९४ | **८०५३१** |
| विद्युत, ग्यास तथा पानी | २८८० | २८४४ | ५३८६ | १७५१ | २४६२ | ७८ | ५९६ | **१६००१** |
| निर्माण | १४१९० | १५२४० | ३१८५७ | ९०१५ | १०१७७ | ४३५५ | ४५२५ | **८९३५६** |
| थोक तथा खुद्रा व्यापार | २८७७८ | ३१९१९ | ५९२०७ | १५७५५ | २४९७५ | ६०९९ | १२५७४ | **१७९३०६** |
| होटल तथा रेष्टुरेन्ट | ३१०४ | ३४९० | ७३५४ | २४९७ | २७३० | ५९९ | १२८७ | **२१०५७** |
| यातायात, भण्डारण तथा संचार | १४७११ | १२५०० | ५३४७१ | १११७१ | ९८७५ | १७८४ | २३२३ | **१०५८३४** |
| वित्तीय मध्यस्थता | ६०७५ | ३८७३ | २६६६० | ४६५४ | ६१५५ | ८१४ | १८७८ | **५०१११** |
| घर जग्गा, भाडा तथा व्यावसायिक सेवाहरू | १६७८५ | १३२०० | ४२३१० | १०१९७ | १४३०४ | ३७४८ | ५६९३ | **१०६२३६** |
| सार्वजनिक प्रशासन तथा रक्षा | ३४१६ | २३०९ | १०४८१ | २४३० | २४९१ | १७१५ | १९८९ | **२४८३०** |
| शिक्षा | ६५६९ | ५६७२ | ३४३९२ | ८३७३ | ७२६३ | १८३२ | ३६३८ | **६७७३९** |
| स्वास्थ्य तथा सामाजिक कार्य | २८२८ | २५०२ | ३१०० | १९१५ | २४९५ | ८९५ | १३८८ | **१६९९२** |
| अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू | २०२६ | १३१९ | ३८५१० | १३२५ | १८५७ | ९१८ | ९९० | ४६९४७ |
| ***कुल मूल्य अभिवृद्धि (अप्रत्यक्ष वित्तीय मध्यस्थता सहित)*** | *२२४३०६* | *२०९२३१* | *४१३७२९* | *१३५१४२* | *१७२९१४* | *५३१५०* | *८१६७२* | *१२९००४७* |
| ***कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)*** | *२१७९९७* | *२०२६८४* | *३९८२७४* | *१३१०७२* | *१६७७५०* | *५१६११* | *७९०९४* | *१२४८४८२* |
| ***कुल गार्हस्थ्य उत्पादन (बजार मूल्यमा)*** | *२३८६८३* | *२२१९१८* | *४३६०६६* | *१४३५११* | *१८३६६७* | *५६५०८* | *८६६००* | *१३६६९५३* |
| *साधनको आय* | *१५४९* | *८७५* | *९३६* | *१२१४* | *१६७३* | *३८२* | *९२०* | *७५४९* |
| ***कुल राष्ट्रिय आय*** | *२४०२३०* | *२२२७९२* | *४३७००३* | *१४४७२४* | *१८५३४१* | *५६८९१* | *८७५१९* | *१३७४५०३* |
| ***प्रति व्यक्ति आय (बजार मूल्यमा)*** | *५२९७३* | *४१२२६* | *७९०३२* | *५२९०३* | *४५०४९* | *३५०४०* | *३४२८७* | *५१८७९* |
| ***प्रति व्यक्ति आय (यू एस डलरमा)*** | *७३२.९४* | *५७०.४* | *१०९३.५* | *७३२.०१* | *६२३.४३* | *४८४.७९* | *४७४.४६* | *७१८* |
| ***प्रति व्यक्ति आय (यू एस डलर पिपिपिमा)*** | *११८४.३* | *९२१.८८* | *१७६७.१* | *११८३* | *१००७.४* | *७८३.५८* | *७६६.८४* | *११६०* |

स्रोत : मानव विकास प्रतिवेदन, २०१४ ।